# नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
# आठौं वार्षिक साधारण सभाको माइन्यूट
**(पाना नं. १ देखि ९ सम्म )**

## १. सभाको काम कारवाही

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड सञ्चालक समितिको मिति २०८३ साल असोज १ (१७ सेप्टेम्बर २०२६) गते बसेको १९३औं बैठकको निर्णयानुसार बैकको आठौं वार्षिक साधारण सभा २०८३ साल असोज २३ गते (९ अक्टोबर, २०२६) शुक्रवारका दिन सञ्चालक समितिका अध्यक्ष श्री महेश प्रसाद दहालको अध्यक्षतामा कम्पनी ऐन २०६३ र बैकको नियमावली बमोजिम देहाय बमोजिमका विषयमा छलफल तथा निर्णय गर्दै सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति : २०८३ साल असोज २३ गते (९ अक्टोबर, २०२६), शुक्रवार ।
स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तिसपुतली, काठमाडौं ।
सभा सुरु भएको समय : बिहान ९ बजे ।
उपस्थिति पुस्तिका विहान ८:०० देखि ९:३० बजे सम्म खुल्ला राखिएको ।

## ३. सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पुँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि बाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ (२) बमोजिम बहालवाला लेखापरीक्षक श्री BRS Neupane & Co., Chartered Accountants ले बैंकको लगातार तीन वर्ष लेखापरीक्षण सम्पन्न गर्नुभएको हुँदा पुन: नियुक्त हुन सक्नुहुन्न ।)

४.मिति २०८३ भाद्र १४ गते (तदनुसार ३० अगस्ट २०२६) आइतबार बसेको बैंकको १९१औं सञ्चालक समितिको बैठकबाट प्रस्ताव भए बमोजिम बैंकको चुक्ता पुँजी रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठ्ठी करोड रुपैयाँ) को ५.२६३२% (पाँच दशमलव दुई छ तिन दुई प्रतिशत) ले हुने रकम रु.१,१३,६८,५१,२००/- (एक अर्ब तेह्र करोड अठसट्ठी लाख एकाउन्न हजार दुई सय रुपैयाँ) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने । साधारण सभाबाट स्वीकृत लाभाशं कम्पनी ऐन २०६३ को दफा १८२(२) अनुसार नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति प्राप्त भएपछि वितरण हुने ।

**(ख) सञ्चालकको नियुक्ति**

आ.व. २०८१/८२ को सातौं वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी समूहमा प्रतिनिधित्व गर्ने गरी निर्वाचित २ (दुई) जना सञ्चालकहरुमध्ये सञ्चालक श्री लिमा अधिकारी आचार्यले सञ्चालक पदबाट दिनुभएको राजिनामा स्वीकृत भई सो स्थानमा सञ्चालक समितिको १७८औं बैठकको निर्णयबाट सोही समूहको प्रतिनिधित्व गर्नुहुने श्री अनिता रायमाझीलाई सञ्चालकको रुपमा नियुक्त गरिएकोमा सो नियुक्ति बाँकी कार्यकालको लागि अनुमोदन गर्ने ।

**(ग) विविध**

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

## ४. उपस्थिति

**सञ्चालकहरुको उपस्थितिः**

| | |
|---|---|
| श्री महेश प्रसाद दहाल (स्वतन्त्र) | अध्यक्ष |
| श्री बन्धु प्रसाद बाँस्तोला (संस्थापक समुह, प्रतिनिधि- नेपाल सरकार, अर्थ मन्त्रालय) | सञ्चालक |
| श्री सुरेन्द्र राज रेग्मी (संस्थापक समुह, प्रतिनिधि- ग्लोबल आइएमई बैंक लिमिटेड) | सञ्चालक |
| श्री दिपक कुमार अग्रवाल (संस्थापक समुह, प्रतिनिधि- विशाल ग्रुप लिमिटेड) | सञ्चालक |
| श्री विशाल उप्रेती (संस्थापक समुह, प्रतिनिधि- इमर्जिङ्ग नेपाल लिमिटेड) | सञ्चालक |
| श्री डा. मनिष थापा (सर्वसाधारण समुह) | सञ्चालक |
| श्री अनिता रायमाझी (सर्वसाधारण समुह) | सञ्चालक |

**पदाधिकारीहरुको उपस्थितिः**

श्री कृष्ण बहादुर अधिकारी - प्रमुख कार्यकारी अधिकृत
श्री सुर्य बहादुर तामाङ्ग - सहायक प्रमुख कार्यकारी अधिकृत
श्री विनयनाथ न्यौपाने - सहायक प्रमुख कार्यकारी अधिकृत
श्री सुवर्ण कुमार सिंह - कार्यकारी भाईस प्रेसिडेन्ट
श्री रविन श्रेष्ठ - कार्यकारी भाईस प्रेसिडेन्ट
श्री जीवनाथ सापकोटा - कम्पनी सचिव

त्यसैगरी बैंक सञ्चालक र पदाधिकारीहरु बाहेक सभामा बैंकका शेयरधनीहरुको बाक्लो उपस्थिति रहेको थियो । सभामा बैंकको निमन्त्रणा स्वीकार गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रतिनिधि श्री कृष्ण प्रसाद शर्मा, बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटलका प्रमुख कार्यकारी अधिकृत श्री मन्दिप लुईटेल, बैंकका कर्मचारीहरु, सञ्चारकर्मी एवं अन्य सरोकारवालाहरुको समेत उपस्थिती रहेको थियो ।

## ५. सभाको सूचना तथा विवरण

बैंकको आठौं वार्षिक साधारण सभा बस्ने सूचना एवं आ.व. २०८२/८३ को संक्षिप्त आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीका लागि मिति २०८३ असोज २ गते नागरिक राष्ट्रिय दैनिक एवं असोज १२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गर्नुका साथै शेयरधनी महानुभावहरुको सहजताको लागि साधारण सभाको जानकारी तथा सञ्चालक समितिको प्रतिवेदन बैंकको वेभसाइटमा पनि राखि सूचित गरिएको व्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भएको थियो ।

## ६. शेयरधनीहरुको उपस्थिति

| बाँडफाँड भएको कुल शेयर संख्या | कुल शेयरधनीको संख्या | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधि पत्रद्वारा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| २१,६०,००,००० | ९,२८,२९५ | १,३६३ | १९ | १,३८१ | ११,६९,३४,८५० | ५५.३९ |

## ७. गणपुरक संख्या एवम् वैधानिकता

सभा विधिवत रुपमा शुरु गर्नुअघि कम्पनी सचिवले यो साधारण सभा प्रचलित ऐन कानून र बैंकको नियमावली बमोजिम बोलाइएको र कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम सभा गर्न आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भएको थियो ।

## ८. आसन ग्रहण

गणपुरक संख्या पुगेको र सभा बैधानिक रहेकोले बैंकका सञ्चालकहरु, शेयरधनी महानुभावहरु, आमन्त्रित अतिथिहरु, संचारकर्मीहरु तथा बैंकका पदाधिकारीहरु लगायतले आसन ग्रहण गर्नुभएको थियो ।

## ९. राष्ट्रिय गान

आसन ग्रहण पश्चात सभामा उपस्थित सबै राष्ट्रिय गानमा सहभागी हुनुभएको थियो ।

## १०. सभाको अध्यक्षता, पानसमा दीप प्रज्वलन र सभा सञ्चालन

राष्ट्रिय गानमा सहभागी भए पश्चात कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम १९ (१) बमोजिम बैंकको आठौं वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन र पानसमा दीप प्रज्वलन गरी सभालाई औपचारिक रुपमा प्रारम्भ गरिदिनुहुन कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गरे बमोजिम अध्यक्षले पानसमा दीप प्रज्वलन गर्नुभएको थियो । तत्पश्चात अध्यक्षको अनुमतिमा कम्पनी सचिवले साधारण सभाको अन्य काम कारवाही औपचारिक रुपमा अगाडि बढाउनु भएको थियो ।

## ११. अध्यक्षज्यूबाट मन्तब्य सहित सञ्चालक समितिको प्रतिवेदन प्रस्तुती

कम्पनी सचिवले अध्यक्षज्यूलाई आफ्नो मन्तब्य सहित आ.व. २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन सभा समक्ष राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षले सभामा पाल्नु भएका सम्पूर्ण शेयरधनी लगायत सभामा आमन्त्रित सबैलाई स्वागत गर्दै बैंकको वर्तमान अवस्था तथा भावी रणनीतिक योजना र कार्यक्रमहरु उल्लेख गर्दै सञ्चालक समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदनको संक्षिप्त प्रस्तुती सहित आफ्नो मन्तब्य राख्नुभएको थियो ।

## १२. छलफलका लागि आव्हान

अध्यक्षले आफ्नो मन्तब्य राखिसके पछी सभामा  निर्धारित प्रस्तावहरु माथि छलफल गर्न तथा बैकसँग सम्बन्धित विषयमा जिज्ञासा, प्रश्न तथा सुझावहरु भए सभा समक्ष पेश गर्नुहुन कम्पनी सचिवले सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई आव्हान गर्नुभएको थियो ।

## १३. जिज्ञासा, प्रश्न तथा सुझाव

उपस्थित शेयरधनी महानुभावहरुलाई छलफल, जिज्ञासा, प्रश्न तथा सुझावहरुको लागि आहवान भएकोमा शेयरधनीहरुले सभामा राख्नु भएका सुझाव, जिज्ञासा एवं प्रश्नहरुको सारसंक्षेप देहाय बमोजिम रहेको थियो ।

i. शेयरधनी श्री शत्रुधन श्रेष्ठले बैंकले राम्रो गरिरहेको बताउँदै आउँदा वर्षहरुमा बैकले अझै राम्रो गर्नेछ भन्ने आफुलाई विश्वास लागेको विषय सभा समक्ष राख्नुभयो । वार्षिक साधारण सभा आ.ब. को पहिलो त्रैमासमानै सम्पन्न भएकोमा बैंक परिवारलाई धन्यवाद दिनु हुदै नगद लाभांश भन्दा आगामी दिनहरुमा बोनस शेयर  प्रदान गर्नसुझाव दिनु भयो । आउदै गरेको दशै, तिहार र छठको शुभकामना दिनु हुदै वार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरु उपर आफ्नो पूर्ण समर्थन रहेको बताउनु भयो ।

ii. शेयरधनी श्री उत्तम दत्त पाण्डेले आउदै गरेको बडादशै, तिहार र छठको शुभकामना दिनु हुदै अत्यधिक तरलता र न्यून व्याजदरका बाबजुद पनि ५.२६३२ प्रतिशत लाभाश दिन बैंक सफल भएकोमा धन्यवाद दिनु भयो । निष्क्रिय कर्जा निकै कम र नाम मात्रको भएकोमा प्रशंसा गर्दै नाफा बढाउन जोड दिनुपर्ने बताउनु  भयो । ठूला परियोजनाहरुमा लगानी बढाउन सफल यस बैंकले आगामी दिनमा थप प्रगति गर्दै जाओस् भन्ने शुभकामना पनि ब्यक्त गर्नुभयो ।

iii. शेयरधनी श्री सुदिप श्रेष्ठले पहिलो त्रयमासमानै साधारण सभा आयोजना गर्न सकेकोमा सबैलाई धन्यवाद दिनुभयो । उहाँले शेयरधनीको पहिलो चासो लाभांश नै हुने कुरालाई भने बैंकले केन्द्रमा राखेर

Nepal Infrastructure Bank Ltd. ★ Kathmandu ★ NIFRA

लाभांश दर बृद्धिगर्ने तर्फ लाग्न सुझाव दिदै आगामी दिनमा बैंकले अझ राम्रो गर्दै जाओस् भन्ने शुभकामना सहित सभामा पेश भएका सबै प्रस्तावहरुमा आफ्नो समर्थन रहेको बताउनु भयो ।

iv. शेयरधनी श्री भक्तिप्रसाद उप्रेतिले पूर्वाधार बैंक आफैमा राम्रो रहेतापनि वित्तीय विवरणका सूचकाङ्कहरुमा थप सुधार हुनेगरी कार्य गर्न सुझाव दिनुभयो । उहाँले दशै अगाडीनै साधारण सभा सम्पन्न गरी लाभांश वितरण गरेकोमा धन्यवाद दिदै बैंकको व्यवसायसँग केन्द्रित केही सुझावहरु राख्नुभयो । जसमा मुख्यत: व्याज खर्च बढेता पनि गैर वासलात आम्दानी बढेको, निष्क्रिय कर्जा कम रहेको, कर्मचारी खर्च घटेको, यति ठुलो दैवि प्रकोपमा पनि कुनै परियोजना नपरेको कुरा प्रशंसनिय रहेको उल्लेख गर्नुभयो । गैर सञ्चालन आम्दानी बढाउने रणनिति सहित अघि बढ्न, आगामी तिन चार वर्षमा श्रोतको आकार एक खर्ब पुऱ्याउन र आगामी वर्षमा पनि साधारण सभा दशै अगाडी नै गर्न सुझाव दिंदै बैंकको थप प्रगतिको कामना गर्दै उहाँले आफ्नो भनाई टुङ्गाउनु भयो ।

v. शेयरधनी श्री बैजुनाथ रौनियारले प्रतिकुल परिस्थितिमा पनि लाभांश वितरण गर्न सकेकोमा खुसी व्यक्त गनुभयो । लाभांशको दर कम भएको बताउदै आगामी वर्ष लाभांशको दर दोहोरो अङ्कमा हुने गरी बढाउन तर्फ लाग्नु पर्ने बताउनु भयो । साथै उहाँले बैंकले खराब कर्जा शुन्यमा राख्न सफल भएकोमा हार्दिक धन्यवाद दिदै प्रति शेयर आम्दानी भने निकै कम रहेको बताउदै साधारण सभामा पेश भएका प्रस्तावमा समर्थन रहेको बताउँदै बैंकले आगामी दिनमा थप प्रगती गर्दै जाओस् भन्दै आउदै गरेका नेपालीको महान चाँड बडादशै, तिहार र छठको सबैमा शुभकामना दिनुभयो ।

vi. शेयरधनी श्री उद्धव प्रसाद घिमिरेले पहिलो त्रयमासमा नै साधारण सभा आयोजना गर्न सकेकोमा सबैलाई धन्यवाद दिनुभयो । उहाँले लाभांश दर कम भएको बताउदै लाभासको दर बढाउन तर्फ लाग्नु पर्ने बताउनु भयो । उहाँले बैंकको अनुपालना र संस्थागत सुसाशन सम्बन्धी व्यवस्थाहरु राम्रो रहेको बताउदै साधारण सभामा पेश भएका प्रस्तावमा समर्थन रहेको बताउदै बैंकले आगामी दिनमा थप प्रगति गर्दै जाओस् भन्ने शुभकामना दिनुभयो ।

vii. शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठले बैंकले अघिल्लो आर्थिक वर्ष भन्दा दुई महिना अगाडीनै साधारण सभा गर्नु भएकोमा धन्यवाद दिनु हुदै स्रोत परिचालन गर्दा व्याज खर्चमा भएको वृद्धिले नाफामा गिरावट आएको विषयमा चासो राख्नु भयो । बैंकको निक्षेप बृद्धि भएको तुलनामा कर्जा लगानीको वृद्धि कम भएकोले खुद व्याज आम्दानीमा असर गऱ्यो भन्दै सोतर्फ गम्भीर हुन ध्यानाकर्षण गराउनु भयो । साधारण सभामा पेश भएका प्रस्तावमा समर्थन रहेको बताउँदै बैंकले आगामी दिनमा थप प्रगति गर्दै जाओस् भन्ने शुभकामना दिनुभयो ।

viii. शेयरधनी श्री व्यास कुमार शर्माले BAFIA अर्न्तगत लगानी गर्ने क्षेत्रहरुको प्राथमिकता तय गर्न सुझाव दिदै सडक, जलविद्युत, शौर्य उर्जाका राम्रा परियोजनाहरुमा लगानी गर्न सुझाव दिनुभयो । उहाँले बैंकको पूँजीको लागत बढि रहेको, खुद व्याज आम्दानी घटेको विषय उठाउनु हुदै बैंकले नाफा बृद्धि गर्न निकै मिहिनत गर्नुपर्ने बताउनु भयो । त्यस्तै शेयरधनी शर्माले बैंकको खराब कर्जा न्युन राख्न सकेकोमा प्रशंसा गर्नुभयो । बैंकले आगामी दिनहरुमा कम लागतको पुँजी परिचालन गर्न र बैंकलाई आवश्यक नितिगत अप्ठ्याराहरु फुकाउन ध्यान पुऱ्याउन पर्ने सुझाव दिनुभयो । समग्र बैंकिङ्ग प्रणालीमा पर्याप्त तरलता थुप्रिएकाले उक्त स्रोतलाई परिचालन गरी वित्तीय सूचकहरुमा सुधार गर्न सुझाव दिंदै बैंकले आगामी दिनहरुमा राम्रो गर्दै जाओस् भन्ने सुभेच्छा समेत व्यक्त गर्नुभयो ।

ix. शेयरधनी श्री उत्तम पाठकले साधारण सभामा शेयरधनी महानुभावहरुको महत्वपूर्ण भुमिका रहने विषयलाई ध्यानमा राखी सभा हलभित्र शेयरधनीहरुको यथेष्ट उपस्थिती हुने वातावरण बनाउन व्यवस्थापनको ध्यानाकर्षण गराउँदै विद्यमान उच्च बजार तरलता तथा विपतका अवस्था बाबजुद पनि बैंकले प्रदान गरेको नगद लाभांश सन्तोषजनक रहेता पनि शेयरधनीहरुलाई लाभांश बोनस शेयरको रुपमा प्रदान गर्ने, बैंकको नाफामा बढोत्तरी गर्न मुद्दती निक्षेपमा रहेको लगानीलाई बढीप्रतिफल दिने

कर्जा शीघ्र परिचालन गर्ने तथा बैंकको खर्च मितव्ययीता अपनाउन सुझाव दिदै बैंकले आगामी दिनहरुमा अझ राम्रो गर्दै जाओस् भन्ने सुभेच्छा सहित आफ्नो भनाई टुङ्गयाउनु भयो ।

x. शेयरधनी श्री गुणराज भट्टले आफ्नो धारणा राख्ने क्रममा बैंकले लगातार लाभांश वितरण गर्दै समिक्षा वर्षमा पनि ५.२६३२५ लाभांश वितरण गर्ने प्रस्ताव गरेकोमा बैक बलियो रहेको बताउदै आगामी वर्ष बोनस शेयर वितरण गर्न सुझाव दिनुभयो । बैंकको संस्थागत सुसाशन राम्रो रहेको तथा बाणिज्य बैंकहरु खराब कर्जाले आक्रान्त हुँदा पनि खराब कर्जा शुन्यमा राख्न सफल भएकोमा धन्यवाद दिनुभयो । बैंकले लगानीयोग्य स्रोतलाई छोटो अवधीको लागि मुद्धती खातामा लगानी गरेको देखिएता पनि उक्त रकम कर्जामा लगानी नगरुन्जेल बैंकले राम्रो लाभाश दिन नसक्ने हुदाँ सो विषयमा जोड दिन सुझाव दिनुभएको थियो । आफुले बैंकको भविष्य निकै उज्वल देखेकोले हालको पुँजीले मात्र बैंकको उद्देश्य पुरा नहुने हुँदा हकप्रद शेयर जारी गर्नुपर्ने सुझाव दिनुभयो । पेश भएका सबै प्रस्तावहरुमा समर्थन सहित आउदै गरेको बडादशैं, तिहार र छठको शुभकामना दिदै उहाँले आफ्नो भनाई टुङ्गाउनु भयो ।

xi. शेयरधनी श्री रोज कुमार श्रेष्ठले पूर्वाधार विकास बैंकको रुपमा एक मात्र यो बैंक मुलुकको आवश्यकता बमोजिम निकै महत्व राख्ने बैंक भएको बताउदै बैंकको पूँजी चालीस अर्ब पुऱ्याउन सुझाव दिनुभयो । उहाँले बैंकको प्रति शेयर आम्दानी घटेको, प्रमुख सुचकांक अपुरो रहेकोले प्रस्तुतिकरणमा सुधार गर्न, भर्खरै आएको बाढीको कारणले बैंकले लगानी गरेका परियोजनामा कुनै क्षति पुऱ्याएको भए जानकारी गराउन अनुरोध गर्दै उड्डयन क्षेत्रमा लगानी किन कम भएको भनी चासो राख्नुभयो । अन्त्यमा सभामा पेश भएका सबै प्रस्तावहरुमा समर्थन सहित बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

xii. शेयरधनी श्री इन्द्रकृष्ण श्रेष्ठले सञ्चालक समितिको बैठक भत्तामा बढि खर्च भएको प्रसंग उठाउदै शेयरधनीहरुको लाभांश कम भएकोमा असन्तुष्टि व्यक्त गर्नु भयो । प्रतिवेदनको प्रमुख सुचकांक अर्न्तगत लाभांश भुक्तानीको प्रस्तुतिकरण बिग्रिएको विषय उठाउदै बैंकको खराब कर्जा भने सन्तोषप्रद रहेको जनाउनु भयो । अघिल्ला वर्षहरुको लाभांश भुक्तानी बाँकी रहेकोमा चासो राख्दै यस्ता शेयरधनीहरुको पहिचान गरी त्यस्तो लाभाशं उहाँहरुको खातामा पठाउने व्यवस्था मिलाउन सुझाव दिनु भयो । उहाँले सभामा पेश भएका सबै प्रस्तावहरुमा समर्थन सहित बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

xiii. शेयरधनी श्री डमरु वल्लभ घिमिरेले ठूलो पुंजी भएको यस इन्फ्रास्ट्रक्चर बैंकले आ.व. समाप्त भएको २ महिना २३ दिनमा नै ऐन नियमको पुर्णपालना गरी पहिलो त्रयमासमानै साधारण सभा गर्न सफल भएकोमा प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापन समुहलाई हार्दिक धन्यवाद दिनुभयो । देशमा भएको राजनैतिक परिवर्तन, आर्थिक मन्दी र व्याजदरमा आएको कमीले गर्दा बैकका सुचकांकहरुमा गत वर्षभन्दा कमी आएको भएता पनि बैंकको भविष्य राम्रो रहेको बताउनु भयो । उहाँले बैंकले हालसम्म राम्रो प्रगति गरिरहेको र आगामी दिनमा समेत निरन्तर प्रगति गर्दै जानेमा आफु विश्वस्त रहेको बताउदै सभामा पेश भएका प्रस्तावमा समर्थन सहित आउदै गरेको बडादशैं, तिहार र छठको शुभकामना सहित उहाँले आफ्नो भनाई टुङ्गाउनु भयो ।

xiv. शेयरधनी श्री उत्सव सुन्दर श्रेष्ठले साधारण सभालाई थप व्यवस्थित गर्नुपर्ने महशुस भएको बताउदै आफ्ना भनाई शुरु गर्नुभयो । उहाँले सभा बिहानको ९ बजे नै सुरु गर्दा शेयरधनीहरुलाई उपस्थित हुन कठिनाई हुने भएकोले आगामी दिनमा व्यवस्थापनले यस विषयमा विचार गर्नुपर्ने धारणा राख्दै उपस्थिति पुस्तिका समेत सभा सम्पन्न नभएसम्म खुल्ला राख्नु पर्ने सुझाव दिनुभयो । यसैगरी बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गर्ने खर्चहरु लक्षित वर्ग तथा क्षेत्रमा प्रभावकारी रुपमा पुग्न नसकेको महसुस भएको उल्लेख गर्दै आगामी दिनमा वास्तविक लक्षित वर्ग तथा क्षेत्रसम्म पुग्ने सुनिश्चितताका लागि विशेष रुपमा चनाखो रहन अनुरोध गर्नुभयो । अघिल्ला वर्षहरुको लाभांश केही शेयरधनीहरुलाई भुक्तानी गर्न अझै बाँकी रहेकोमा चासो राख्दै के कति कारणले सो भुक्तान हुन



Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

नसकेको हो बुझी सक्दो चाडो शेयरधनीहरुको खातामा त्यस्तो लाभांश भुक्तानी हुने व्यवस्था मिलाउन सुझाव दिनु भयो । उहाँले बैंकले दिएको लाभांशप्रति सन्तोष व्यक्त गर्दै नगदको सट्टा बोनस शेयर प्रदान गरिएको भए साना शेयरधनीहरुलाई थप राहत पुग्ने धारणा व्यक्त गर्नुभयो । उहाँले सञ्चालक समितिको बैठकमा सञ्चालकको उपस्थिति, सर्वसाधारणको स्वामित्व वृद्धि, साधारण सभाको खर्चको प्रस्तुतिकरण, शेयरमा भएको लगानीको विवरण जस्ता विषयलाई अझ प्रस्ट पार्न सुझाव दिदै सभा सफलता पूर्वक सम्पन्न होस् भन्ने शुभकामना सहित आफ्ना भनाईहरु टुङ्गाउनु भयो ।

xv. शेयरधनी श्री भिम बहादुर खड्काले प्रत्येक शेयरधनीलाई पालैपालो ड्यासमा बोलाएर आफ्ना राय सुझाव राख्न लगाउनुको सट्टा आ-आफ्नो स्थानबाटै प्रश्न तथा जिज्ञासा राख्न सक्ने र बैंकको तर्फबाट पनि तत्काल जवाफ दिने व्यवस्था मिलाउन सुझाव दिनुभयो । त्यस्तै उहाँले बैंकले प्रदान गरेको लाभांशको दर कम रहेको उल्लेख गर्दै आगामी वर्षहरुमा लाभांशको दर दोहोरो अङ्कमा हुने गरी बढाउने तर्फ बैक सञ्चालक समिति र व्यवस्थापनको विशेष ध्यान पुगोस भन्दै सभाको सफलताको शुभेच्छा सहित आफ्ना भनाईहरु टुङ्गाउनु भयो ।

xvi. शेयरधनी श्री दामोदर प्रसाद रेग्मीले बैंकले दिएको लाभांश कम रहेको बताउदै कम्तीमा पनि बैकले प्रदान गर्ने मुद्दती निक्षेपको व्याजदर बराबरको लाभांश दरमा वृद्धि गर्नुपर्ने विचार सहित आफ्ना भनाईहरु शुरु गर्नुभयो । बैंकका लगानीको क्षेत्रहरुमा विविधिकरण गर्दै उच्च प्रतिफल दिने कर्जाका क्षेत्रहरुमा लगानी विस्तार गर्न बैंकले विशेष जोड दिनुपर्ने, बैंकले दिर्घकालीन प्रकृति र कम लागतका स्रोत संकलन गर्नुपर्ने तथा बैंक सञ्चालक समिति र व्यवस्थापनको काम कारवाहीमा चुस्तता ल्याउदै कार्य सम्पादनको स्तरमा बढोत्तरी गर्नुपर्ने सुझाव सहित सभाको सफलताका लागि शुभकामना दिदै उहाँले आफ्ना भनाईहरु टुङ्गाउनु भयो ।

xvii. माथिको अतिरिक्त सभामा देहायका शेयरधनी महानुभावहरुबाट लिखित रुपमा सभामा आ-आफ्ना राय सुझावहरु दिनु भएको थियो :

- श्री लक्ष्मण बहादुर श्रेष्ठ
- श्री हसना श्रेष्ठ
- श्री प्रा.डा. रामजी प्रसाद पंडित
- श्री नरसिंह लाल चखुँ
- श्री युगल बसेल
- श्री महेन्द्र बहादुर श्रेष्ठ
- श्री सुरेन्द्र चिमौरिया
- श्री ब्रम्हदेव शाक्य
- श्री जगन्नाथ आचार्य
- श्री भेषराज भण्डारी
- श्री राम गोपाल महर्जन
- श्री राज काजी रन्जित
- श्री लवराज जोशी
- श्री गोविन्द के.सि.
- श्री इन्द्र प्रसाद लामिछाने
- श्री निरुपमा गुप्ता
- श्री कृष्ण प्रसाद अधिकारी

उहाँहरुबाट सभामा पेश भएको लिखित सुझावमा बैंक व्यवस्थापनले आगामी दिनमा आफ्नो काम कारवाहीलाई थप नतिजामुखी बनाउँदै शेयरधनीहरुले प्राप्त गर्ने लाभांशको दरमा वृद्धि गर्नुपर्ने मुख्य सुझाव सहित सभामा पेश भएका सबै प्रस्तावहरुमा समर्थन रहेको विषयहरु समावेश थिए । सबैजसो शेयरधनीहरुले यस बैंकले विशेष प्रकृतिका वहुउद्देश्यीय परियोजनाहरुमा लगानी विस्तार गर्दै आफ्नो लगानीको क्षेत्रमा विविधिकरण गर्दै लैजानुपर्ने लगायतका सुझावहरु पनि सभामा आएका थिए ।



Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

## १४. जिज्ञासा तथा सुझावहरु माथि सम्बोधन

शेयरधनी महानुभावहरुबाट सभा समक्ष उठान भएका विषय, जिज्ञासा एवं प्राप्त सुझावहरुको सम्बोधनको लागि कम्पनी सचिवले बैंकका प्रमुख कार्यकारी अधिकृतलाई अनुरोध गरे बमोजिम उठान भएका प्रश्न एवं जिज्ञासाहरुको हकमा प्रमुख कार्यकारी अधिकृतले समष्टिगत रुपमा उत्तर दिनुभएको थियो । उहांको उत्तरको संक्षेपीकरण देहाय बमोजिम रहेको थियो ।

विद्यमानको पुँजीबाटै बैंकले अझै धेरै लगानी गर्न सक्ने हुँदा तत्कालको लागि बैंकको पुँजी वृद्धि गर्न आवश्यक नरहेको साथै बैंकका सबल पक्षहरुलाई निरन्तरता दिदैं सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान गरी आवश्यकता अनुरुप सुधार गर्दै जाने प्रतिबद्धता जनाउनुभयो । उहाँले बैंकले नेपाल राष्ट्र बैंकले दिएको दायरा भित्र रहेर लगानी विविधिकरण गर्दै आईरहेको सन्दर्भमा बैकलाई तोकिएको पूर्वाधारका क्षेत्रहरु मध्ये विशेष गरी सूचना प्रविधि, शौर्य उर्जा लगायतका क्षेत्रमा लगानी विस्तार गर्ने विषय बैंकको प्राथमिकतामा रहेको जानकारी सभा समक्ष गराउनु भएको थियो ।

लाभांशको सन्दर्भमा उहाँले पूर्वाधारमा लगानी विस्तार गर्न पनि समय लाग्ने र लगानीबाट प्रतिफल आउन पनि समय लाग्ने हुँदा शेयरधनीहरुले यस विषयमा धैर्यता राख्नु हुनेछ भन्ने बताउनु भएको थियो । आधार दरको र व्याज दरको सन्दर्भमा बोल्दै उहाँले बैंकसँग रहेको लगानीयोग्य स्रोत कर्जामा परिचालन भए पश्चात बैंकले पुनः कम लागतको स्रोत संकलन गरी आधार दर घटाउने योजना रहेको बताउनु हुदै यसै आर्थिक वर्ष देखि स्रोत संकलन कार्य शुरु भैसकेको पनि बताउनु भयो । साथै, उहाँले आगामी बर्षहरुमा पनि बैंकको साधारण सभा पहिलो त्रैमास भित्रै सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यसैगरी उहाँले यस सभाबाट लाभांश सम्बन्धी प्रस्ताव स्वीकृत भए पश्चात् लाभांश वितरण गर्न नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृती प्राप्त भईसकेको हुनाले शेयरधनीहरुको खातामा आजबाटै लाभांश जम्मा हुने गरी व्यवस्था मिलाइएको व्यहोरा सभा समक्ष राख्दै उपस्थित सम्पूर्ण महानुभावहरुमा महान चाँड बडादशैं, तिहार, नेपाल सम्वत र छठको शुभकामना व्यक्त गर्दै आफ्नो भनाई टुङ्गाउनु भयो ।

## १५. प्रस्तावहरुको प्रस्तुति

जिज्ञासा तथा सुझावहरु माथिको सम्बोधन पश्चात् अध्यक्षको निर्देशन बमोजिम कम्पनी सचिवले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभा समक्ष बैंकको आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको सोही अवधिको वासलात, विस्तृत नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची /प्रस्तावहरु सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो ।

## १६. सभाको निर्णय

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक बर्ष २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पुँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित/स्वीकृत गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

३. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि वाह्य लेखापरिक्षक (Tax Audit लगायत प्रचलित कानून/व्यवस्था बमोजिम प्रमाणित गर्नुपर्ने कागजात प्रमाणित गर्ने कार्य समेतको लागि) नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर सभामा छलफल भयो ।
छलफलकै क्रममा बैंकको लेखापरीक्षण समितिको ४८ औं बैठकको सिफारिस समेतको आधारमा बैंकको आ.व. २०८३/८४ को लेखापरीक्षण गर्न आर्थिक प्रस्ताव पेश गर्ने ३ वटा फर्मको विवरण र आर्थिक प्रस्तावबारे कम्पनी सचिवले सभालाई निम्न बमोजिम रहेको जानकारी गराउनु भयो ।

| **लेखापरीक्षकको नाम** | के. जे. एण्ड एशोशियट्स, चार्टड एकाउन्टेन्ट्स | यस बी केसी एण्ड एशोशियट्स, चार्टड एकाउन्टेन्ट्स | जे. भण्डारी एसोसियट्स, चार्टड एकाउन्टेन्ट्स |
|---|---|---|---|
| **आर्थिक प्रस्ताव (कर समेत)** | रु.१०,००,०००/- | रु.११,८६,५००/- | रु.११,८६,५००/ |

उक्त जानकारी पश्चात् सभाले सबैभन्दा कम आर्थिक प्रस्ताव पेश गर्ने श्री M/S. K.J & Associates, Chartered Accountants लाई आ.व.२०८३/८४ को बैंकको लेखापरीक्षण (Tax Audit लगायत प्रचलित कानून/व्यवस्था बमोजिम प्रमाणित गर्नुपर्ने कागजात प्रमाणित गर्ने कार्य समेतको लागि) गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र पारिश्रमिक कर समेत रु.१०,००,०००/- (अक्षरुपी दश लाख रुपैया) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गऱ्यो ।

४. मिति २०८३ भाद्र १४ गते (तदनुसार ३० अगस्ट २०२६) आइतबार बसेको बैंकको १९१औं सञ्चालक समितिको बैठकबाट प्रस्ताव भए बमोजिम बैंकको चुक्ता पुँजी रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठ्ठी करोड रुपैयाँ) को ५.२६३२% (पाँच दशमलव दुई छ तिन दुई प्रतिशत) ले हुने रकम रु.१,१३,६८,५१,२००/- (एक अर्ब तेह्र करोड अठसठ्ठी लाख एकाउन्न हजार दुई सय रुपैयाँ) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृति प्रदान गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(ख) सञ्चालकको नियुक्तिः**

आ.व. २०८१/८२ को सातौं वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी समूहमा प्रतिनिधित्व गर्ने गरी निर्वाचित २ (दुई) जना सञ्चालकहरुमध्ये सञ्चालक श्री लिमा अधिकारी आचार्यले सञ्चालक पदबाट दिनुभएको राजिनामा स्वीकृत भई सो स्थानमा सञ्चालक समितिको १७८औं बैठकको निर्णयबाट सोही समूहको प्रतिनिधित्व गर्नुहुने श्री अनिता रायमाझीलाई सञ्चालकको रुपमा नियुक्त गरिएकोमा सो नियुक्ति बाँकी कार्यकालको लागि अनुमोदन गरियोस् भन्ने प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(ग) विविध :**

विविध शिर्षक अन्तर्गत छलफलको लागि अन्य कुनै विषय नभएकोले कम्पनी सचिवले उपस्थित सबैलाई धन्यवाद दिदै आजको बैठक विधिवत रुपमा बिसर्जन गर्न अध्यक्षलाई अनुरोध गर्नुभयो ।

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

**१७. धन्यवाद ज्ञापन तथा सभा समापन**

अध्यक्षज्यूले सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिले पारित भएको घोषणा गर्नुहुँदै नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका शेयरधनी महानुभावहरुको गरिमामय उपस्थिति र सक्रिय सहभागिताका लागि धन्यवाद दिदै आभार प्रकट गर्नु भयो । साथै बैंकको आठौं वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्षरुपमा सहयोग गर्नुहुने अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायहरु, बैंकका लेखापरिक्षक, सुभेच्छुक महानुभावहरु, बैंकका कर्मचारीहरु एवं सरोकारवाला सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले नेपालीका महान चाँड दशैं, तिहार, छठको सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै मध्यान्ह करिब ११:४५ बजे बैंकको आठौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

**जीवनाथ सापकोटा**
**कम्पनी सचिव**

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

**महेश प्रसाद दहाल**
**अध्यक्ष**
**मिति : २०८३/०६/२७**